सभाबाट स्वीकृत मिति: २०७६/३/१०

प्रमाणित मिति: २०७६/३/३१

# खुम्बु पासाङ ल्हामु गाउँपालिकाको

# आर्थिक ऐन, २०७६

सोलुखुम्बु जिल्ला

१ नं प्रदेश

नेपाल

## आर्थिक ऐन, २०७६

प्रस्तावना : खुम्बु पासाङ ल्हामु गाउँपालिकाको आर्थिक बर्ष २०७६ र ०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर , दस्तुर तथा शुल्क संकलन गर्ने , छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले ,

नेपालको संबिधान को धारा २२८ को उपधारा (२) बमोजिम खुम्बु पासाङ ल्हामु गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम आर्थिक ऐन ,२०७६ रहेको छ।

(२) यो ऐन मिति २०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

१) "कर " भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने कर, दस्तुर,शुल्क वा गाउँपालिकलाई बुझाउनुपर्ने रकम पर्दछ।

२) "करदाता " भन्नाले यो ऐन  वा प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्दछ।

३) "गाउँ सभा " भन्नाले खुम्बु पासाङल्हामु  गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

४) "गाउँ" कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

५) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्दछ।

३. सम्पति कर:  गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१ ) बमोजिम एकीकृत सम्पति कर र घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ।

४. भुमि कर (मालपोत): गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत) लगाउने तथा असुल उपर गरिनेछ।

५. घर वहाल कर : गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर , पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर वहाल कर लगाईने तथा असुल उपर गरिनेछ।

६. व्यवसाय कर : गाउँपालिकाको क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने  र असुल उपर गरिनेछ।

७ विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाईने  तथा असुल उपर गरिनेछ।

८ मनोरन्जन कर: गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरन्जनात्मक क्रियाकलापमा अनुसूची (६) बमोजिम मनोरन्जन  कर  लगाईने  तथा असुल उपर गरिनेछ।

९. बहाल विटौरी  शुल्क : गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरको हाटबजार वा अन्य सार्वजनिक स्थान व्यावसायिक प्रयोग गरेमा अनुसूची (७) मा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाईने  र असुल उपर गरिनेछ।

१०. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसुची (८) मा उल्लेख भए बमोजिम शुल्क लगाईने  र असुल उपर गरिनेछ।

११. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफायर र रयाफ्टिङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफायर र र्‍याफटिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसुची (९) बमोजिमको शुल्क लगाईने  र असुल उपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (१०) मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए बमोजिमको शुल्क लगाईने  र असुल उपर गरिनेछ।

१३ पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गरी गाउँपालिकाले पुर्याएको सेवा सुविधा उपयोग गरेवापत पर्यटकहरुबाट अनुसुची (११) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईनेछ  र असुल उपर गरिनेछ। तर, संघिय वा प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानुन बमोजिम हुनेछ ।

१४. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर प्राकृतिक विपद वा अन्य यस्तै प्राकृतिक प्रकोप परेको अवस्थामा प्रचालित कानुन बमोजिम कार्यपालिकाले कर छुट दिन सक्नेछ। तर छुट दिएको विषय गाउँसभामा पेश गरी अनुमोदन गर्नुपर्नेछ।

१५. कर,शुल्क तथा दस्तुर लिने सकिने:

(१) यस ऐन बमोजिम गाउँपालिकाले असुल गर्नुपर्ने कर, शुल्क तथा दस्तुर लगायत सम्बन्धी व्यवस्थामा छुट हुन गएको भए कार्यपालिकाले कर छुट दिन सक्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि संघिय सरकार, प्रदेश सरकार कुटनितिक नियोग, सामुदायिक अस्पताल, शिक्षण संस्था र प्रचलित कानुनले तोकेको शिर्षकमा कर लाग्ने छैन । अनुसूचीहरूमा उल्लेखित कर, शुल्क तथा दस्तुरहरू २०७६ साल श्रावण १ गते देखी देखी लागु हुनेछ भने कतिपय शिर्षकका कर दस्तुर शुल्क गाउँ कार्यपालिकाले तोकेको मितिबाट लागु हुनेछ ।

१६. कर तथा सुल्क संकलन सम्बन्धी कार्यविधि:

यो ऐन सुल्क कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले  कार्यविधि स्वीकृत गरि लागु गर्न सक्नेछ।

अनुसुची (१)
(ऐनको दफा ३ सँग सम्बन्धित)
सम्पति कर

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको गोठ छाप्रो बाहेक प्रत्येक घर संरचनाको स्वयम घोषित मुल्यांकनका आधारमा वार्षिक रुपमा रु.०.१५ले हुन आउने रकम मात्र असुल उपर गरिनेछ ।

२. एउटै कित्ता भित्र रहेको र सँगै जोडिएको घर संरचनाले एउटा घरलाई जनाउने छ ।

३. कानुनी रुपमा एकिकृत सम्पती कर लगाउनु पर्ने अवस्थामा हाललाई सम्पति कर र मालपोत कर जोडी हुन आउने आधारमा लिन सकिने छ ।

अनुसूचि (२)
(ऐनको दफा ४ सँग सम्बन्धित)
भूमि कर (मालपोत)

१. यस गाँउपालिकाको क्षेत्रभित्र रहेको  सरकारी जग्गा, धार्मिक संघ संस्था, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल बाहेक देहायमा वर्गिकरण गरिएका जग्गाहरुबाट मात्र देहायमा उल्लिखित दरमा भूमि कर (मालपोत) असुल उपर गरिनेछ:

क) अब्बल प्रति रोपनी रु.३०/-
ख) दोयम प्रति रोपनी रु.२५/-
ग) सिम प्रति रोपनी रु.२०/-
घ) चाहारप्रति रोपनी रु.१५/-
ङ) पाँचौ तह प्रति रोपनी रु.१०/-

अनुसूचि (३)
(ऐनको दफा ५ सँग सम्बन्धित)
घर वहाल कर

१। यस गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्झौता रकमको १० प्रतिशतले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

२. घरवहालमा दिने सम्झौता पत्रको नमुना गाँउपालिकामार्फत वडा कार्यालयहरुबाट उपलब्ध गराईने छ तथा सम्झौताको समयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य साँक्षी बसेको हुनु पर्नेछ ।

३. यो घर वहाल कर घर धनिलाई घरभाडा रकम बुझाएको समयमा सम्बन्धित वडा कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

४. वहाल करको दर निर्धारण गर्दा लिखित सम्झौता भए सम्झौता बमोजिमको दर कायम हुनेछ । पछि लिखित सम्झौता भएको अवश्थामा सम्बन्धित वडा समितिको निर्णयले घर वहालको दर भनिने छ ।

## अनुसूचि (४)
### (ऐनको दफा ६ सँग सम्बन्धित)
### व्यावसाय कर

१। गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाजन्य कारोबारमा बमोजिमका व्यवसाय कर लगाइ असूल उपर गरिनेछ ।

| क्र.स | शिर्षक | व्यवसायको नामव्यवसायको दर्ता वापत वार्षिक | प्रत्येक बर्ष नविकरण वापत वार्षिक |
|---|---|---|---|
| १ | मदीराजन्य पसल | २०००/- | १०००/- |
| | मदीराजन्य पसल | २०००/- | १०००/- |
| २ | किराना पसल | ४०००/- | ३०००/- |
| ३ | होटल एण्ड लज(१० वटा भन्दा कम कमन रूम भएमा) | २५००/- | २०००/- |
| ४ | होटल एण्ड लज(१० वटा भन्दा बढी कमन रूम भएमा) | ४०००/- | ३०००/- |
| ५ | होटल एण्ड लज(५ वटा भन्दा कम एटेजरूम भएमा) | ५०००/- | ३०००/- |
| ६ | होटलएण्ड लज (५ वटा भन्दा बढी एटेज रूम भएमा) | ६०००/- | ४००/- |

| | | | |
|---|---|---|---|
| ७ | चेन रिसोर्ट | ७०००/- | ४०००/- |
| ८ | जनरल स्टोर्स | ५०००/- | ३०००/- |
| ९ | पुस्तक पसल | १०००/- | ५००/- |
| १० | कपडा पसल | २०००/- | १०००/- |
| ११ | पेन्टिङ पसल | २०००/- | १०००/- |
| १२ | औषधि पसल | ३०००/- | २०००/- |
| १३ | सुन चाँदी पसल | ३०००/- | १५००/- |
| १४ | सैलुन र व्यूटिपार्लर | ३०००/ | २०००/- |
| १५ | ट्रेकिङ्ग गियर शप | ५०००/ | ३०००/- |
| १६ | बार र पब | ४०००/- | २०००/- |
| १७ | मनि एक्सचेन्ज | ३०००/- | २०००/- |
| १८ | पुल हाउस | २०००/- | १०००/- |
| १९ | क्याफे,रेष्टुरेण्ट र बेकरी | ४०००/- | २०००/- |
| २० | मिनिरल वाटर बोटल उत्पादन | ५००००/- | ३००००/- |
| २१ | मिनिरल वाटर फ्याक्ट्री | १५०००/- | १००००/- |
| २२ | सस्थागत अस्पताल | २००००/- | १००००/- |
| २३ | इलोकट्रिनिक पसल | ५०००/- | ३०००/- |
| २४ | स्नोकर हाउस | ४०००/- | २०००/- |
| २५ | बैंक | २००००/- | १००००/- |
| २६ | बहुउद्देश्य शहकारी | १००००/- | ५०००/- |
| २७ | संस्थागत विद्यालय | ५०००/- | ३०००/- |
| २८ | होस्टेल | ५०००/- | २०००/- |
| २९ | ट्युसनसेन्टर | २०००/- | १०००/- |
| ३० | मसाज सेन्टर | ३०००/- | २०००/- |
| ३१ | म्यूजियम | ५०००/- | ३०००/- |
| ३२ | संस्था दर्ता | २०००/- | १०००/- |
| ३३ | हाइभिजन हल | ३०००/- | २०००/- |
| ३४ | सहासिक खेलकुद अनुमति शुल्क | २००००/- | |
| ३५ | प्रति हेलिकप्टर बार्षिक | २०००००।- | |
| ३६ | कृषि सहकारी | २०००/- | १०००/- |
| ३७ | बचत तथा ऋण सहकारी | ५०००/- | ३०००/- |

| | | | |
|---|---|---|---|
| ३८ | धुप उधोग | ५०००/- | ३०००/- |
| ३९ | जडिबुटि उधोग | ५०००/- | ३०००/- |
| ४० | स्पोर्टस तथा स्टेशनरी | ३०००/- | २०००/- |
| ४१ | ट्राभल एण्ड ट्रेकिङ्ग | ५०००/- | ३०००/- |
| ४२ | इन्टरनेट सर्भिस प्रा.लि. | २००००/- | १००००/- |
| ४३ | सावना | ४०००/- | २०००/- |
| ४४ | लोण्ड्री | २०००/- | १०००/- |
| ४५ | गिफ्ट शप तथा सोकिनियर | ५०००/- | ३०००/- |
| ४६ | क्याम्पिङ सञ्चालन | ७०००/- | ५०००/- |
| ४७ | मासु पसल | ३०००/- | २०००/- |
| ४८ | घरेलु उधोग | ३०००/- | २०००/- |
| ४९ | भाँडा पसल | २०००/- | १०००/- |
| ५० | मिनी मार्ट | ५०००/- | ३०००/- |
| ५१ | हार्डवेयर | ५०००/- | ३०००/- |
| ५२ | ग्याँस डिपो (इन्धन डिपो) | ३०००/- | २०००/- |
| ५३ | काठ व्यापार | १००००/- | ५०००/- |
| ५४ | जुत्ता सिलाउने | १००० | ५०० |

२। यस क्षेत्रभित्र संचालन गर्नुपुर्व तथा संचालन भईरहेका कुनैपनि व्यापार उद्योगव्यवसायिक तथा व्यापारिक दर्ता नियम सम्बन्धि नियमावली बमोजिम दर्ता गर्नु पर्नेछ ।

अनुसूचि (५)

(ऐनको दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

१। यस गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको प्रचारप्रसार वापत होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा गाँउपालिका र अन्य सम्बन्धित निकायको स्विकृती लिनुपर्नेछ,साथै  बार्षिक रू.१०००/- वा प्रति वर्ग फुट रू.५०/- को दरले जुन बढि हुन्छ सो रकम गाँउपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

अनुसूचि (६)

(ऐनको दफा ८ सँग सम्बन्धित)

मनोरन्जन कर

१। यस गाउँपालिकाका क्षेत्रभित्र जुनसुकै प्रयोजनको लागि मनोरन्जनात्मक कार्यक्रम संचालन गर्नुपुर्व गाँउपालिकाको स्विकृति लिनुपर्नेछ,टिकट बिक्रि गर्ने सन्दर्भमा कुल बिक्रि रकमको १५ प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूचि (७)

(ऐनको दफा ९ सँग सम्बन्धित)

बहाल बिटौरि शुल्क

१. यस गाउँपालिकाका क्षेत्रभित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजारमा रहने स्थानिय उत्पादन बाहेकको प्रत्येक पसलबाट रू.२००/-प्रति हप्ता तथा अन्य निजी क्षेत्रमा लाग्ने हाटबजारबाट प्राप्त हुने कुल आयको १० प्रतिशत गाँउपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

२. यस गाँउपालिका क्षेत्रभित्र कुनैपनि किसिमको सेवा प्रदायकले कुनैपनि किसिमको टावर राख्नु परेमा गाँउपालिका तथा सम्बन्धित निकायबाट पुर्व स्विकृति लिएर मात्र संचालन गर्नुपर्नेछ । यसको साथै नयाँ स्थापना हुने तथा साविकदेखी संचालनमा रहेको प्रत्येक स्थानको टावरले वार्षिक रुपमा रु.६०,०००/- गाँउपालिकालाई तिर्नुपर्नेछ ।

अनुसूचि (८)

(ऐनको दफा १० सँग सम्बन्धित)

पार्किङ शुल्क

अनुसूचि (९)

(ऐनको दफा ११ सँग सम्बन्धित)

ट्रेकिङ्ग, क्यान्योङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्क

अनुसूचि (१०)

(ऐनको दफा १२ सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

१। यस गाउँपालिकाको कार्यालय द्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ।

१। गरिबि, छात्रवृत्ति तथा नागरिकताको सिफारिस बाहेक अन्य जुनसुकै किसिमको सिफारिस वापत रू.१००/- लाग्नेछ ।

२। सम्पति मुल्यांकन तथा आम्दानि प्रमाणित वापत कुल रकमको ०.१ प्रतिशत लाग्नेछ ।तर उच्च शिक्षा हाँसिल गर्न वा उपचारका लागि विदेश जानेहरूलाई ५० प्रतिशत छुट दिईने छ ।

३। जुसुकै प्रमाणित वापत रू.२००/-लाग्नेछ ।

४। जुनसुकै किसिमको फारम वापत रू. १००/- लाग्नेछ ।

अनुसूचि (११)

(ऐनको दफा १३ सँग सम्बन्धित)

पर्यटन शुल्क

१। कुनैपनि विदेशी नागरिक पर्यटककोरुपमा प्रवेश गरी यस गाउँपालिकाले उपलब्ध गराएको सेवा सुविधा उपभोग वा उपयोग गरे वापत पर्यटन शुल्कको रुपमा प्रत्येक विदेशी नागरिक वाट रु २०००/- लिइनेछ ।

प्रमाणित मिति: २०७६/०३/२४

आज्ञाले,

गणेश घिमिरे

प्रमुख प्रशासकीय अधिकृत